## वस्तुगत प्रश्नोत्तर

१. **सन् २०२२ मा सम्पन्न महिला विश्वकप क्रिकेट च्याम्पियनको उपाधि कसले जित्यो ?**
अस्ट्रेलिया
- अस्ट्रेलियाले इङ्ल्यान्डलाई ७१ रनले पराजित गरी सो उपाधि जितेको।
- अस्ट्रेलिया यसअघि सन् १९७८, १९८२, १९८८, १९९७, २००५ र २०१३ मा च्याम्पियन बनेको।

२. **प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा हालै तीनदिने भारत भ्रमण कहिले सम्पन्न भयो ?**
वि.सं. २०७८ चैत १८–२०

३. **२०७२ सालको भूकम्पबाट क्षतिग्रस्त ऐतिहासिक काष्ठमण्डप पुनर्निर्माण गरी कहिले लोकार्पण गरियो ?**
वि.सं. २०७८ चैत २१
- राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा काष्ठमण्डपको उद्घाटन भएको।
- हाललाई उद्घाटनको दिन मात्र खुला गरिएको काष्ठमण्डप पछि प्रवेश गर्न मिल्ने व्यवस्था मिलाएर केही समयपछि खुला गरिने बताइएको।
- काष्ठमण्डप परिसरमा आयोजित समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारीलाई काठमाडौँ महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले कष्ठमण्डपको साँचो हस्तान्तरण गरेपछि राष्ट्रपतिबाट साँचो प्रदर्शन गरी काष्ठमण्डपको उद्घाटन भएको।

४. **नेपाली पत्रकारको अन्तर्राष्ट्रिय सञ्जाल (इञ्जा)द्वारा २०७९ मा प्रदान गरिने इन्जा बौद्धिक अनुसन्धानवृत्ति कसलाई दिइयो ?**
कपिल काफ्ले (वरिष्ठ पत्रकार) र देवराज अर्याल (त्रिविका पत्रकारिता विषयका उप–प्राध्यापक)
- (पत्रकारिता तथा आमसञ्चार क्षेत्रका बौद्धिक अनुसन्धातालाई अध्ययन अनुसन्धानमा सहयोग पुऱ्याउने उद्देश्यले इञ्जाले यसै वर्षबाट यो बौद्धिक अनुसन्धानवृत्ति प्रदान गर्ने परम्पराको थालनी गरेको।)

५. **वि.सं. २०७९ वैशाख १ का दिन महाराजगञ्जस्थित राष्ट्रपति भवनमा आयोजित समारोहमा नेपालरत्नबाट कसलाई विभूषित गरियो ?**
पूर्वप्रधानमन्त्री स्व. कृष्णप्रसाद भट्टराई (मरणोपरान्त)
- राजनीतिज्ञ स्व. सुवर्णशमशेर राणालाई मरणोपरान्त र पूर्वप्रधानमन्त्री झलनाथ खनाललाई राष्ट्र गौरवबाट विभूषित गरिएको।
- राजनीतिज्ञ स्व. तुलसीलाल अमात्य, स्व. मङ्गलादेवी सिंह, स्व. दुर्गानन्द झा र स्वरसम्राट् नारायणगोपाल गुरुवाचार्यलाई मरणोपरान्त तथा राजनीतिज्ञ मोहनचन्द्र अधिकारीलाई महाउज्ज्वल राष्ट्रद्वीपबाट विभूषित गरिएको।
- राजनीतिज्ञहरू प्रदीप नेपाल र स्व. पोष्टबहादुर बोगटी तथा स्व. मार्सलजुलुम शाक्यलाई सुप्रसिद्ध जनसेवाश्रीबाट विभूषित गरिएको।
- न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठलाई उज्ज्वल कीर्तिमय राष्ट्रद्वीपबाट विभूषित गरिएको।
- सरकारले २०७८ साल असोज ३ गते संविधान दिवसको अवसर पारी घोषणा गरेको मानपदवी नयाँ वर्षको अवसर पारी प्रदान गरिएको।

६. **विश्व बैङ्कले सन् २०२२ अप्रिल १३ मा प्रकाशित गरेको प्रतिवेदनअनुसार सन् २०२२ मा नेपालको आर्थिक वृद्धिदर कति हुने जनाएको छ ?**
३.७ प्रतिशत
- चालू आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर सुस्त तर क्रमिक सुधार हुने विश्व बैङ्कले उल्लेख गरेको।
- कोरोनाविरुद्धको खोपदर उच्च रहेको र सेवा क्षेत्रको पुनरुत्थानका कारण आर्थिक वृद्धिदरमा सुधार आउने तर रुस–युक्रेन युद्धका कारण बाह्य परिस्थिति प्रतिकूल रहँदा आर्थिक वृद्धिदर सुस्त रहने विश्व बैङ्कले प्रक्षेपण गरेको।
- सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर ४.१ प्रतिशत र सन् २०२४ मा ५.८ प्रतिशत हुने अनुमान गरेको।

७. **२०७८ असार/साउनमा आएको बाढीले क्षति पुऱ्याएको मेलम्चीको खानेपानी आयोजनाबाट काठमाडौँ उपत्यकमा पुनः पानी पठाउन कहिलेदेखि थालियो ?**
वि.सं. २०७८ चैत २९
- असार १ र साउन १७ गते सिन्धुपाल्चोकको मेलम्ची खोलामा आएको बाढीले आयोजनामा क्षति पुऱ्याएपछि आयोजनाबाट पानी सञ्चालन पूर्ण रूपमा बन्द भएको थियो।
- क्षतिग्रस्त आयोजनाको सफाइ तथा मर्मत सम्पन्न भई पुनः सञ्चालन गर्न थालिएको।

८. **तेस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन कहिले सम्पन्न भयो ?**
वि.सं. २०७८ चैत २८–२९

९. **सन् २०२२ मा सम्पन्न त्रिदेशीय टी–२० क्रिकेट प्रतियोगिता उपाधि कसले जित्यो ?**
नेपाल
- यस प्रतियोगितामा नेपाल, मलेसिया र पपुवा न्युगिनी गरी तीन राष्ट्रको सहभागिता रहेको।
- कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा चैत २१ मा नेपालले पपुवा न्युगिनीलाई ५० रनले हराउँदै त्रिकोणात्यक सिरिजको ट्रफी हात पारेको।
- गत वैशाखमा नेपालले त्रिवि मैदानमै टी–२० उपाधि जितेको थियो। घरेलु मैदानमा नेपालले लगातार दोस्रो पटक टी–२० उपाधि हात पारेको।
- प्रतियोगितामा तेस्रो टोलीका रूपमा मलेसिया रहेको। लिग चरणमा नेपालले चारै खेलमा जित निकालेर फाइनल स्थान सुरक्षित गरेको थियो। पपुवा न्युगिनी र मलेसियाले समूह चरणमा दुई अङ्क मात्र बटुलेका थिए। रनरेटका आधारमा पपुवा न्युगिनीले उपाधि भिडन्तमा नेपालविरुद्धको भेट पक्का गरेको थियो।

१०. **सार्वजनिक स्थलमा धूमपान प्रतिबन्ध गर्ने विश्वको पहिलो मुलुक कुन हो ?**
भुटान (२२ फेब्रुअरी, २००५)

११. **नेपालको 'वाटर लु' भनेर कुन पर्व/घटनालाई चिनिन्छ ?**
अलौ पर्व

१२. **नेपालको प्रदेश सभा कति सदनात्मक हुने व्यवस्था छ ?**
एक

१३. **सन् २०२२ अप्रिलमा पाकिस्तानको प्रधानमन्त्रीमा चुनिने राजनीतिज्ञ को हुन् ?**
सहबाज सरिफ
- पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज सरिफका भाइ पाकिस्तान मुस्लिम लिग नवाज (पीएमएल–एन)का अध्यक्ष सहवाज अप्रिल ११ मा त्यहाँको नयाँ प्रधानमन्त्री चुनिएका।
- प्रधानमन्त्री इमरान खान अविश्वासको प्रस्तावबाट पदमुक्त भएपछि बसेको पाकिस्तानको संसद् बैठकले सहवाजलाई प्रधानमन्त्री चुनेको।
- खान अविश्वासको प्रस्तावबाट हट्ने पहिलो पाकिस्तानी प्रधानमन्त्री बनेका।
- आफूविरुद्धको अविश्वासको प्रस्ताव रोक्न निवर्तमान प्रधानमन्त्री खानले संसद् भङ्ग गरेका तर सर्वोच्च अदालतले संसद् पुनर्स्थापना गरिदिएपछि अप्रिल ८ मा अविश्वासको प्रस्तावमाथि मतदान भएको थियो।

१४. **अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ कहिलेदेखि लागू भएको हो ?**
वि.सं. २०७५ असोज २

१५. **अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ अनुसार आधार भूत शिक्षा भन्नाले के बुझिन्छ ?**
कक्षा एकदेखि कक्षा आठसम्मको विद्यालय शिक्षा

१६. **अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ अनुसार माध्यमिक शिक्षा भन्नाले के बुझिन्छ ?**
कक्षा ९ देखि कक्षा १२ सम्म वा सोसरहको शिक्षा।
- सो ऐनअनुसार 'प्रारम्भिक बालविकास तथा शिक्षा' भन्नाले चार वर्ष उमेर पूरा भएका बालबालिकालाई कक्षा एकमा प्रवेश गर्नुभन्दा अगाडि दिइने एक वर्ष अवधिको बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित बालविकास तथा शिक्षा हो।
- त्यस्तै विशेष शिक्षा भन्नाले दृष्टिविहीन, बहिरा, अटिजम अपाङ्गता भएका वा यस्तै प्रकृतिका अवस्थाका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा हो।

१७. **उपरदाङगढी कुन जिल्लामा पर्छ ?**
चितवन

१८. **मानिसको वृद्धावस्थाबारे अध्ययन गर्ने विषयलाई के भनिन्छ ?**
जेरेन्टोलोजी

१९. **नेपाली सुरक्षाकर्मी शान्ति मिसनमा खटिने कार्यको सुरुवात कहिलेबाट भएको हो ?**
सन् १९५८ (लेबनानबाट)
- नेपाली सेनाका पाँच अब्जर्भरबाट सुरु भएको मिसनमा हालसम्म एक लाख ४० हजार २०२ सुरक्षाकर्मी (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी) विभिन्न द्वन्द्वग्रस्त मुलुकमा खटिइसकेका।
- शान्ति स्थापनार्थ द्वन्द्वग्रस्त मुलुकमा खटिएको ६४ वर्षयता ८५ नेपाली सुरक्षाकर्मीले ज्यान गुमाएका।
- हालसम्म द्वन्द्वग्रस्त मुलुकका ४३ वटा मिसनमा नेपाली सुरुक्षाकर्मी खटिसकेका।
- हाल शान्ति स्थापनार्थ विभिन्न ११ वटा द्वन्द्वग्रस्त मुलुकमा खटिने नेपाली सुरुक्षाकर्मीको सङ्ख्या पाँच हजार ५३६ रहेको। शान्ति स्थापनार्थ सुरक्षाकर्मी सैनिक खटाउने विभिन्न १२० मुलुकमा नेपाल दोस्रो स्थानमा रहेको। सुरक्षाकर्मी खटाउने मुलुकमध्ये सबैभन्दा अगाडि बङ्गलादेश रहेको। हाल विभिन्न द्वन्द्वग्रस्त मुलुकमा बङ्गलादेशका छ हजार ४४७ सैनिक परिचालित रहेका।
- नेपालपछि सबैभन्दा धेरै सनिक खटाउनेमा भारत (५४८१), रुवान्डा (५२६३), इथियोपिया (४८५३) लगायतका देश रहेका।

२०. **विश्व इतिहासमा शान्तिपूर्ण बौद्धिक आन्दोलन, अनुसन्धानात्मक आन्दोलन एवं धर्मनिरपेक्ष आन्दोलनका रूपमा चिनिने पुनर्जागरण आन्दोलन कुन देशबाट सुरु भएको थियो?**
इटाली

२१. **नेपाली भाषाका प्रथम कवि कसलाई मानिन्छ ?**
सुवानन्द दास

२२. **विश्व स्काउट एसिया प्रशान्त क्षेत्रद्वारा प्रदान गरिएको 'मेधावी योगदान पदक'बाट कसलाई सम्मान गरियो ?**
पूर्वप्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली
- नेपाल स्काउटका पूर्वसंरक्षकसमेत रहनुभएका ओलीलाई 'मेधावी योगदान पदक'ले सम्मान गरिएको।
- सन् १९०७ मा बेलायतमा स्थापना भएको स्काउट ४५ वर्षपछि सन् १९५२ मा नेपालमा स्थापना भएको।

२३. **सात पहाडको सहर भनी कुन सहरलाई चिनिन्छ ?**
इटालीको रोम

२४. **स्टाफेफेक्ट भनेको के हो ?**
एन्टिबायोटिकको विकल्पका रूपमा वैज्ञानिकद्वारा विकास गरिएको नयाँ औषधि

२५. **पहिलो विश्वकप फुटबल प्रतियोगिता कुन देशमा भएको थियो ?**
उरुग्वे
- पहिलो विश्वकप फुटबल प्रतियोगिता सन् १९३० मा भएको।
- सो प्रतियोगितामा १३ राष्ट्रको सहभागिता रहेको।
- फिफा विश्वकपमा सहभागी राष्ट्र सन् १९८२ मा २४ तथा सन् १९९८ मा ३२ पुऱ्याइएको।
- सन् २०२६ को वर्ल्डकपमा सहभागी हुने राष्ट्रको सङ्ख्या ४८ हुने।

२६. **EPG को पूरा रूप के हो ?**
Eminent Person Group

२७. **चुरे–तराई–मधेस संरक्षण तथा व्यवस्थापनसम्बन्धी २० वर्षे गुरुयोजना कहिले पारित भएको हो ?**
वि.सं. २०७४ जेठ ४

२८. **युरोपेली सङ्घ दिवस कहिले मनाइन्छ ?**
मे ९

२९. **विश्वको सबैभन्दा पुरानो अन्न कुनलाई भनिन्छ ?**
भटमास

३०. **गौतमबुद्धको जन्मस्थल लुम्बिनीलाई 'पञ्चशील क्षेत्र' घोषणा कहिले गरिएको हो ?**
वि.सं. २०७५ मङ्सिर ५
- (हत्या, हिंसा, चोरी, व्यभिचार र मद्यपान नगरेमा पञ्चशील पालना गरेको मानिने।)

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# हिमाली प्रदेशका प्रमुख विशेषता



१. **हेजिङ भनेको के हो ? नेपालमा विदेशी ऋण लगानी हुने के कस्ता परियोजनाका लागि हेजिङ सुविधा उपलब्ध गराउन सक्ने व्यवस्था छ ? लेख्नुहोस्।**
नेपालमा कुनै परियोजना कार्यान्वयनका लागि लगानीकर्ताले विदेशी ऋण लगानी गर्दा जुन विनिमय दरमा विदेशी मुद्रा बैङ्कमा जम्मा गरेको हो, सोही विनिमय दरमा लगानी फिर्ता लैजान पाउने गरी विदेशी मुद्राको विनिमय दर स्थिर गर्ने कार्यलाई हेजिङ भनिन्छ। यो मुलुकमा विदेशी लगानी प्रवर्द्धन गर्नका लागि विदेशी विनिमय दरमा स्थिरता ल्याउन दिइने सुविधा हो।

### परियोजनाको लागि हेजिङ सुविधा
- नेपालमा हेजिङसम्बन्धी नियमावली, २०७५ बमोजिम नेपाल सरकारले विदेशी ऋण लगानी हुने देहायका परियोजनाका लागि हेजिङ सुविधा उपलब्ध गराउन सक्ने व्यवस्था छ :
- (क) एक सय मेगावाट वा सोभन्दा बढी क्षमताका जलविद्युत् उत्पादन,
- (ख) २२० के.भी.ए. वा सोभन्दा बढी क्षमताका तीस किलोमिटरभन्दा लामो विद्युत् प्रसारण लाइन निर्माण,
- (ग) दस किलोमिटरभन्दा लामो रेल, मेट्रो तथा मोनो रेलमार्ग निर्माण,
- (घ) ५० किलोमिटरभन्दा लामो द्रुतमार्ग निर्माण,
- (ङ) नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गरी तोकेका अन्य परियोजना।

२. **नेपालमा के कस्ता कार्य गरेमा राजस्व चुहावटको कसुर गरेको मानिने व्यवस्था छ ? उल्लेख गर्नुहोस्।**
नेपालमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम कुनै पनि व्यक्तिले देहायको कुनै कार्य गरेमा राजस्व चुहावटको कसुर गरेको मानिने व्यवस्था छ :
- नेपाल सरकारलाई तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले कुनै काम गरेमा,
- कम राजस्व तिर्ने वा राजस्व नतिर्ने उद्देश्यले गलत लेखा, विवरण वा कागजात प्रस्तुत गरी वा नगरी प्रचलित कानुनबमोजिम तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिरे वा नबुझाएमा वा तिर्नु वा बुझाउनुपर्ने राजस्वभन्दा घटी राजस्व तिरेमा वा बुझाएमा,
- कुनै पनि मालवस्तुको निकासी पैठारी गर्दा सम्बन्धित भन्सार कार्यालयमा प्रचलित कानुनबमोजिम तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिरी वा नबुझाई राजस्व छलेमा वा छल्ने प्रयत्न गरेमा,
- कुनै व्यक्तिले अन्य कुनै व्यक्तिको नामबाट कुनै उद्योग, व्यापार वा व्यवसाय गरी कुनै वस्तु निकासी वा पैठारी गरेमा वा कुनै विदेशी कम्पनी वा संस्थाको एजेन्ट भएमा सो कुरा नदेखाई प्रचलित कानुनबमोजिम तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिरी वा नबुझाई राजस्व छलेमा,
- राजस्व तिर्नु, बुझाउनु वा दाखिल गर्नुपर्ने कार्यालय वा सो कार्यालयको कर्मचारीको कार्यमा अनधिकार बाधा उत्पन्न गरेमा वा त्यस्तो कार्यालय वा कर्मचारीलाई अनुचित प्रभावमा पारी आफूले तिर्नु बुझाउनुपर्ने राजस्व नतिरेमा वा जति तिर्नुपर्ने हो, सोभन्दा कम रकम तिरेमा वा त्यस्तो कुनै कार्य गर्ने गराउने प्रयत्न गरेमा,
- राजस्व बुझाउनुपर्ने कार्यालयको कर्मचारीसँग मिलोमतो गरी वा नगरी नेपाल सरकारलाई प्रचलित कानुनबमोजिम तिर्नु बुझाउनुपर्ने राजस्व रकममा हेरफेर वा परिवर्तन गरेमा वा राजस्व बुझाएको देखिने गलत लिखत तथा कागजात पेस गरेमा वा प्राप्त भएमा।

३. **निजामती सेवामा नयाँ सङ्गठन संरचना तथा दरबन्दी सिर्जना गर्दाका आधार र प्रक्रियाबारे चर्चा गर्नुहोस्।**
निजामती सेवामा नयाँ सङ्गठन संरचना तथा दरबन्दी सिर्जना गर्दाका आधार र प्रक्रियाबारे निजामती सेवा ऐन, २०४९ मा व्यवस्था गरिएको छ, जसलाई निम्नअनुसार चर्चा गर्न सकिन्छ :
- कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न सङ्गठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको सङ्गठन संरचना र दरबन्दीमा पुनरवलोकन गर्दा वा हेरफेर गर्दा सम्बन्धित मन्त्रालयले कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण र सोको औचित्य र उपलब्ध मानव स्रोतसमेतको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी अर्थ मन्त्रालयको सहमति लिई सामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्ने,
- यसरी प्राप्त सहमतिको आधारमा सामान्य प्रशासन मन्त्रालयले सोको मूल्याङ्कन गरी ३० दिनभित्र स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष पेस गर्ने तर सङ्गठन संरचना र दरबन्दी हेरफेर भएको अवस्थामा त्यस्तो हेरफेर भएको सङ्गठन संरचना र दरबन्दीको मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन पेस गर्न सकिने,
- यस व्यवस्थाविपरीत दरबन्दी सिर्जना गरी पूर्ति गरिएको पद स्वतः खारेज हुने व्यवस्था छ।

४. **भन्सारमा मालवस्तु पैठारी गर्दा प्रज्ञापनपत्रसाथ संलग्न गर्नुपर्ने कागजात के के हुन् ? लेख्नुहोस्।**
भन्सारमा मालवस्तु पैठारी गर्दा प्रज्ञापनपत्रसाथ संलग्न गर्नुपर्ने कागजात निम्न छन् :

**(क) तेस्रो मुलुकबाट मालवस्तु पैठारी गर्दा :**
- भुक्तानी प्रक्रियासम्बन्धी बैङ्किङ कागजात,
- बीजक (इन्भ्वाइस),
- प्याकिङ लिस्ट,
- बिल अफ लेडिङ/एयरवे बिल,
- उत्पत्तिको प्रमाणपत्र,
- विदेशी विनिमय नियन्त्रण (वि.वि.नि.) फाराम,
- भारतमा ट्रान्जिट भई पैठारी गरिने मालवस्तुको हकमा भन्सार पारवहनसम्बन्धी कागजात,
- हवाई मार्गबाट पैठारी हुनेमा सम्बन्धित एयरलाइन्सको डेलिभरी अर्डर,
- भन्सार कार्यालयमा कुनै टर्मिनल सञ्चालक भएकोमा त्यस्तो टर्मिनल सञ्चालकले जारी गरेको डेलिभरी अर्डर,
- प्रचलित कानुनबमोजिम सम्बन्धित निकायको कुनै सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिनेमा तत्सम्बन्धी कागजात।

**(ख) भारतबाट मालवस्तु पैठारी गर्दा :**
- बीजक (इन्भ्वाइस), प्याकिङ लिस्ट,
- प्रचलित कानुनबमोजिम सम्बन्धित निकायको कुनै सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिनेमा तत्सम्बन्धी कागजात,
- इनबन्डअन्तर्गत पैठारी गर्दा नेपाल इन्भ्वाइस (इनबन्ड फाराम), बि.वि.नि. फाराम, भुक्तानी प्रक्रियासम्बन्धी बैङ्किङ कागजात र सोमा उल्लेख भएबमोजिमका कागजात, (यहाँ 'इनबन्ड' भनेको नेपाल राष्ट्र बैङ्कले तोकेको प्रक्रियाअनुसार परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट पैठारी गर्ने प्रक्रिया हो।)
- कुनै फर्म वा उद्योगले पहिलो पटक मालवस्तु पैठारी गर्न लागेको भए फर्मको हकमा फर्म दर्ताको प्रमाणपत्र, उद्योगको हकमा उद्योग दर्ताको प्रमाणपत्र र त्यस्तो फर्म वा उद्योगको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि एवं निकासी पैठारी सङ्केत नम्बर पेस गर्नुपर्ने व्यवस्था छ।

५. **हिमाली प्रदेशका प्रमुख विशेषता उल्लेख गर्नुहोस्।**
नेपालको ३००० मिटरभन्दा माथिको उत्तरी भू–भाग हिमाली प्रदेश हो। कुल भूभागको १५ प्रतिशत क्षेत्र ओगटेको हिमाली प्रदेशमा सगरमाथा, कञ्चनजङ्घाजस्ता विश्वप्रसिद्ध हिमाल रहेका छन्। मुख्य हिमालय, भित्री हिमालय र बाहिरी हिमालय गरी तीन भागमा विभाजन गरिएको हिमाली प्रदेशका प्रमुख विशेषता निम्न छन् :
- समुद्र सतहबाट ३,००० मिटरदेखि ८,८४८.८६ मिटरको उच्च भागमा फैलिएको क्षेत्र, ७७ जिल्लामा १६ वटा जिल्ला पर्ने,
- विश्वका अग्ला १५ शिखरमध्ये सगरमाथासहित आठवटा शिखर हिमाली प्रदेशमा पर्ने,
- पर्यटकीय दृष्टिले महत्त्वपूर्ण, हिमाली शृङ्खलाको मनोहर दृश्यबाट पर्यटन उद्योग पर्वतारोहण र पदयात्राको विकासमा सहयोग,
- बङ्गालको खाडीबाट आउने वाफिलो वायुलाई रोकेर नेपालमा पानी पार्न मद्दत पुऱ्याएको अनि हिउँदमा उत्तरको तिब्बत प्रान्तबाट बहने चिसो वायुलाई छेकेर अति ठण्डा हुनबाट जोगाएको,
- नेपालको उत्तरमा चीनसँगको प्राकृतिक सिमानाको काम गरेको, हिमनदीहरूको मुहान,
- शेर्पा जातिको बाहुल्यता,
- खेतीका लागि उर्वर भूमिको अभाव।

६. **नेपालमा अपाङ्गता भएका व्यक्तिलाई के कस्तो सहुलियत र सुविधाको व्यवस्था छ ? लेख्नुहोस्।**
नेपालमा अपाङ्गता भएका व्यक्तिविरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान तथा सशक्तीकरण गरी स्वावलम्बी जीवनयापनको वातावरण सुनिश्चित गर्न तर्जुमा गरिएको अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ले अपाङ्गता भएका व्यक्तिलाई देहायबमोजिमको सहुलियत र सुविधाको व्यवस्था गरेको छ :
- नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई कृषि र स्वरोजगारमूलक व्यवसाय एवं उद्यमशीलताका लागि अनुदान तथा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्ने,
- सवारीसाधनको धनी तथा सञ्चालकले तोकिएबमोजिमका अपाङ्गता भएका व्यक्तिलाई बस, रेल, हवाईजहाजजस्ता सार्वजनिक सवारीसाधनबाट यात्रा गर्दा यात्रु भाडामा ५० प्रतिशत छुट उपलब्ध गराउनुपर्ने,
- नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक साधन, उपकरण, औजार, अपाङ्गमैत्री सवारीसाधन तथा अपाङ्गता भएका व्यक्तिको शिक्षा, तालिम तथा स्वरोजगारका लागि प्रयोग हुने मालसामान, यन्त्र, पार्टपूर्जा तथा कच्चा पदार्थमा प्रचलित कानुनबमोजिम भन्सार, अन्तःशुल्क, स्थानीय कर वा अन्य दस्तुर सम्पूर्ण वा आंशिक रूपमा छुट दिन सक्ने,
- नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने उद्देश्य राखी स्थापना भएका प्रतिष्ठानमा जडित यन्त्रलाई अपाङ्गमैत्री बनाउन विशेष रूपमा फेरबदल वा पार्टपूर्जा जडान गर्दा भएको खर्चमा तोकिएबमोजिम कर छुट दिन सक्ने,
- नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क शिक्षा दिने संस्थागत विद्यालयलाई सोबापतको रकम करमा छुट दिन सक्ने,
- नेपाल सरकारले तोकिएबमोजिमका अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई तोकिएबमोजिम निःशुल्क शिक्षाको व्यवस्था गर्ने,
- नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई मात्र तालिम वा रोजगारी दिने वा रोजगारीको व्यवस्था गरिदिने सामाजिक संस्था, व्यापारिक तथा औद्योगिक प्रतिष्ठानलाई बैङ्क तथा वित्तीय संस्थाबाट सहुलियत ब्याजदरमा ऋण दिलाउने व्यवस्था गर्न सक्ने,
- अपाङ्गता भएका व्यक्तिलाई रोजगारी तथा तालिम दिने उद्देश्यले स्थापना भएका वा तोकिएकोभन्दा बढी सङ्ख्यामा अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने प्रतिष्ठानलाई नेपाल सरकारले विशेष सहुलियत दरमा ऋण उपलब्ध गराउन, प्रचलित कानुनबमोजिम कर छुट दिन वा अपाङ्गता भएका व्यक्तिलाई कार्यस्थलमा सुरक्षाका लागि आवश्यक पर्ने उपकरण आयात गर्दा, कच्चा पदार्थ उपलब्ध गराउँदा वा बजार व्यवस्थापन कार्यका लागि छुट तथा सहुलियत प्रदान गर्न सक्ने।

७. **नेपालको संविधानमा राष्ट्रिय महिला आयोगको गठन कसरी हुने व्यवस्था छ ?**
नेपालको संविधानको धारा २५२ मा राष्ट्रिय महिला आयोगको गठनसम्बन्धी व्यवस्था छ। जसअनुसार नेपालमा एक राष्ट्रिय महिला आयोग रहने, जसमा अध्यक्ष र अन्य चार जना सदस्य रहने व्यवस्था छ। संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय महिला आयोगका अध्यक्ष र सदस्यको नियुक्ति राष्ट्रपतिले गर्ने, आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था छ। यसरी नियुक्त अध्यक्ष तथा सदस्यको पुनः नियुक्ति नहुने तर सदस्यलाई अध्यक्षको पदमा नियुक्ति गर्न सकिने र त्यस्तो सदस्य अध्यक्षको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिने व्यवस्था छ। राष्ट्रिय महिला आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य नहुने तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ, छानबिन गर्ने तथा कुनै विषयको अध्ययन, अन्वेषण गरी राय, मन्तव्य, सिफारिस पेस गर्ने पदमा नियुक्त भई काम गर्न बाधा नपुऱ्याउने व्यवस्था छ।

८. **नेपाल प्रहरीको राजपत्राङ्कित श्रेणीमा रहने पद के के हुन् ? उल्लेख गर्नुहोस्।**
नेपाल प्रहरीको राजपत्राङ्कित श्रेणीमा रहने पद निम्न छन् :

**(क) विशिष्ट श्रेणी**
- प्रहरी महानिरीक्षक
- प्रहरी अतिरिक्त महानिरीक्षक

**(ख) प्रथम श्रेणी**
- प्रहरी नायब महानिरीक्षक
- प्रहरी वरिष्ठ उपरीक्षक

**(ग) द्वितीय श्रेणी**
- प्रहरी उपरीक्षक
- प्रहरी नायब उपरीक्षक

**(घ) तृतीय श्रेणी**
- प्रहरी निरीक्षक

९. **निजामती सेवाको पदपूर्ति व्यवस्थामा लोकसेवा आयोगबाट भएका सुधारका कार्य उल्लेख गर्नुहोस्।**
निजामती सेवाको पदपूर्ति व्यवस्थामा लोकसेवा आयोगबाट भएका सुधारका कार्यलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- नेपालको संविधानले गरेको व्यवस्थाअनुसारको कार्य सम्पादन गर्न नयाँ लोकसेवा आयोग ऐन, नियमावली र निर्देशिका परिमार्जन हुन थालेको,
- नेपालको संविधानले थप गरेको जिम्मेवारी पूरा गर्न सुरक्षा निकायलगायतका निकायमा पदपूर्तिसम्बन्धी मापदण्ड तयार भई लागू भएको,
- उपसचिव र सहसचिवको उत्तरपुस्तिकामा दोहोरो परीक्षणको व्यवस्था,
- लोकसेवा आयोगमा बसेर उत्तरपुस्तिका परीक्षणको व्यवस्था,
- आ.व. २०७२/७३ देखि अनलाइन दरखास्त सङ्कलन, रुजु र प्रवेशपत्र वितरण,
- लोकसेवा आयोगका अरू कामकारबाहीको अटोमेसन,
- वस्तुगत उत्तरपुस्तिका अप्टिकल मार्क रिडर मेसिनबाट परीक्षण गर्ने गरिएको,
- अन्तर्वार्ताको चरणमा शाखा अधिकृत प्राविधिक पदमा पनि सामूहिक छलफल गर्ने गरिएको,
- नयाँ पाठ्यक्रममा कम्प्युटर सीप परीक्षणलाई अनिवार्य गरिएको,
- परीक्षार्थीलाई सूचना प्रवाह गर्न तथा देखिएका गुनासो सम्बोधन गर्न 'हेलो लोकसेवा आयोग' फेसबुक सेवा सञ्चालन भएको,
- परीक्षार्थी सङ्ख्याको व्यवस्थापन गर्न अप्राविधिक नायब सुब्बा र खरिदार पदमा प्रारम्भिक परीक्षा लिने व्यवस्था,
- सहयोगी लेखक आवश्यक पर्नेलाई तोकिएको समयमा प्रतिघण्टा दस मिनेटका दरले समय थपको व्यवस्था,
- लिखित परीक्षा उत्तीर्ण गरी अन्तर्वार्तामा सहभागी उम्मेदवारले आफ्नो प्राप्ताङ्क हेर्न पाउने व्यवस्था,
- सुरक्षा निकाय र सङ्गठित संस्था महाशाखा नामको एक नयाँ महाशाखा स्थापना गरेर कार्य प्रारम्भ,

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION NIKAL NEPAL